☎ ९८५४०६०१११

# मिथिला नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ढल्केबर, धनुषा

स्थापना २०७३

प.स :- जि. २०७५।०७६

च.न :- २९८

मिति :-२०७५/१२/२१

विषय :- सवारी साधन/हेभी ईक्विपमेन्ट/मेशिनरी औजार संचालन सम्वन्धमा।

श्री सबै सवारी साधन/हेभी ईक्विपमेन्ट/मेशिनरी औजार चलाउने पदाधिकारी ज्यूहरु तथा कर्मचारीहरु ।
मिथिला नगरपालिका ।

उपरोक्त सम्वन्धमा यस कार्यालयमा रहेका सवारी साधन (मोटरसाईकल/जीप)/हेभी ईक्विपमेन्ट (ब्याक हु लोडर)/मेशिनरी औजारहरु (टयाक्टरहरु) प्रयोग गर्दा सबै साधनहरुको सवारी दर्ता प्रमाण पत्र अद्यावधिक गर्ने, नवीकरण गराउने/सरकारी साधनको सेतो प्लेट राख्ने/सवारीको वीमा गराउने, नियमित मर्मत सम्भार गर्ने र सवारी साधनको सुरक्षा गर्ने काम गरी नियमित गर्नु पर्ने हुन्छ।

सो काम नहुदाको साधन चलाउने र साधनको समेत असुरक्षा हुने/नवीरण र सवारी दर्ता जस्ता अद्यावधिक गराउनु पर्ने काम समयमा नगराउदा जरिवाना लाग्ने, जरिवाना रकम बेरुजु हुने र नागरिकबाट गुनासो समेत आउने भएकोले आ-आफुले संचालन गरेका सवारी साधन/हेभी ईक्विपमेन्ट/मेशिनरी औजारहरुको समयमा नै उपरोक्त कार्य गर्नु गराउन हुन अनुरोध गर्दछु। सो अनुसार नभएमा साधन चलाउने नै जिम्मेवार हुने व्यहोरा समेत यसै पत्रबाट विनम्रताका साथ जानकारी गराउदछु ।

२०७५/१२/२१

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्री नगर प्रमुखज्यूको कार्यकक्ष

श्री उप-प्रमुखज्यूको कार्यकक्ष

श्री सबै वडा कार्यालयहरु(१-११)

श्री आर्थिक प्रशासन शाखा : समयमा नै वीमा, दर्ता /नवीरण लगायतका कार्य गर्न गराउन जिन्सी शाखा प्रमुखलाई पेश्की दिन हुन र साधनलाई नियमित गराउने कार्यमा सहयोग गर्न हुन ।

श्री सूचना प्रविधि अधिकृत: वेवसाईट र फेसबुक पेजमा अपलोड गर्नु हुन ।